गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

कास्की, पोखरा, नेपाल

फोन नं. ०६१-५३५०८४
५३५०५६, ५३५०९५

प.सं.:२०८०/०८१
चलानी नं.: ११५

मितिः २०८०/०५/०८

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य)
पोखरा, नेपाल

**विषय : कार्यक्रम सञ्चालन मापदण्ड, २०८० ।**

श्री आयुर्वेद औषधालय / आयुर्वेद स्वास्थ्य केन्द्रहरु [११ वटै] सबै,

गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा यस मन्त्रालय [मा.मन्त्रीस्तर] को मिति २०८०/०४/३२ को निर्णयानुसार स्वीकृत आ.व. २०८०/८१ मा आयुर्वेद औषधालय / आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट सञ्चालन हुने वार्षिक स्वीकृत कार्यक्रमहरुको सञ्चालन मापदण्ड, २०८० यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै, उक्त मापदण्ड बमोजिम कार्ययोजना बनाई कार्यक्रमहरू कार्यान्वयन गर्नु हुन र सो कार्ययोजना मन्त्रालयमा समेत पठाउनुहुन आदेशानुसार अनुरोध छ।

..................

[सुरज गुरौ]

जनस्वास्थ्य प्रशासक

# आ.व. २०८०/८१ मा आयुर्वेद औषधालय / आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको सञ्चालन मापदण्ड, २०८०

मिति २०८०/०४/३२ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत


गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

(१) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व यस मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ।

(२) यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ।

(३) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ।

(५) चालु आ.व. २०८०/०८१ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आ.व. मा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको शोधभर्ना गर्नु पर्नेछ।

(६) सम्पादित कार्यक्रमको आ.ले.प. र म.ले.प. गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ।

(७) कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तालुक निकायमा पठाउनु पर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण तालुक निकायबाट हुनेछ।

(८) यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ।

(९) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेटको अधिनमा रही तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पर्नेछ।

**तपसिलः**

- सार्वजनिक खरिद ऐन, २०६३

- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८०
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८०
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि [तेस्रो संशोधन सहित], २०७७
- बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट जारीः आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८०
- सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८
- अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदी] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## विषयसूची:


१. स्थानीय तहको सहकार्यमा सरोकारवालाहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम ........ 1

२. जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम ........ 2

३. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद ........ 3

४. क्षारसूत्र एवं तथ्याङ्क व्यवस्थापन कार्यक्रम........ 4

५. स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग ........ 6

६. पंचकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, संचालन एवं व्यवस्थापन)........ 7

७. आधारभूत तथा अत्यावश्यक औषधि खरिद ........ 8

८. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम........ 9

९. संगठित रुपमा योग सञ्चालन (Corporate Yoga)........ 10

१०. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण........ 12

११. स्वस्थकर जीवनशैली प्रवर्धनमा गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम........ 13

१२. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई स्थलगत अनुशिक्षण 14

१३. ट्राफिक प्रहरीहरुलाई नस्य तथा जलनेती क्रिया संचालन ........ 16

१४. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम........ 17

१५. आयुर्वेद सेवा विस्तारको लागि विशेषज्ञ चिकित्सक व्यवस्थापन........ 18

## १. स्थानीय तहको सहकार्यमा सरोकारवालाहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५३ | २२५२२ | २ | पटक | १ लाख ६० हजार | दोस्रो, तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | ग्रामीण क्षेत्रमा बहुउपयोगि जडीबुटीहरुको नाश हुदै गइरहेको छ। उपलब्ध जडीबुटीहरुको पहिचान, नामाकरण, प्रयोगमा कमी हुदै आईरहेको अवस्थामा परम्परागत रुपमा प्रयोग भइरहेका जडीबुटीहरुको संरक्षण, सम्बर्धन र उपयोग गर्नु जरुरी छ। परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान सीपको अभिलेखीकरण साथै स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण र उपयोगका बारेमा उनीहरुको क्षमता अभिवृद्धि गरी उपयोग दर वृद्धि गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ●परम्परागत रूपमा स्वास्थ्य लाभका लागि प्रयोग भइरहेका स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरूको अभिलेखीकरण गर्ने।<br>●स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरुको पहिचान, संरक्षण र प्रयोग सम्बन्धमा क्षमता अभिवृद्धि र उपयोगदर वृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | स्थानीय स्तरमा रहेको ज्ञान र सिपको अभिलेखीकरण हुनुका साथै स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरुको पहिचान, संरक्षण भई जडीबुटीहरुको समुचित प्रयोग गरी स्वास्थ्य लाभ लिएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरु |
| कार्य सञ्चालन प्रक्रिया | ●अभिमुखीकरण कार्यक्रमको लागि प्याकेज तयार गरी कार्यक्रम सञ्चालनको लागि उपयुक्त स्थान र मिति तय गर्ने।<br>●जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुले स्थानीय तहहरुसँगको समन्वयमा अभिमुखीकरण कार्यक्रमका लागि सहभागीहरुको सूची तयार गर्ने।<br>●स्थानीय तह, आयुर्वेद औषधालय, नागरिक आरोग्य केन्द्रसँग समन्वय गरी कार्यक्रम गर्ने।<br>●अभिमुखीकरणको लागि विषयवस्तु तयार गरी स्वीकृत गराउने र जिल्लामा पाइने जडीबुटीहरुको सङ्कलन गरी अभिमुखीकरण कार्यक्रमका साथै जडीबुटीको प्रदर्शनी गरी छलफल गर्ने।<br>• आ-आफ्नो जिल्लामा पाइने प्रमुख जडीबुटीहरुको नाम, तस्विर र प्राप्त हुने स्थानको विवरण सहितको सूची तयार गरी अभिलेख राख्ने। |

| विषयवस्तु | विवरण |
|---|---|
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहित सोको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## २. जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५१ | २२५२२ | ३ | पटक | २ लाख ४० हजार | दोस्रो, तेस्रो, चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | जेष्ठ नागरिक हाम्रो समाजका अग्रज वौद्धिक सम्पति हुन्। नेपालमा जेष्ठ नागरिकहरुको संख्या क्रमश वृद्धि हुदै गइरहेको छ। जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो। जिल्ला भित्र रहेका जेष्ठ नागरिकहरुसँग सम्बन्धित संस्थाहरु (मानव सेवा आश्रम, वृद्धाश्रम आदि) वा समुदायमा रहेका जेष्ठ नागरिकहरुका स्वास्थ्यसँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट उपचार, परामर्श, साथै स्वास्थ्य प्रवर्धन सम्बन्धी क्रियाकलापहरुद्वारा जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधार र जीवनशैली सहज गराउनको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | जेष्ठ नागरिकहरुका स्वास्थ्यसँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्दतिको माध्यमबाट उपचार, परामर्श साथै स्वास्थ्य प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | ●आयुर्वेद चिकित्साको माध्यमबाट जेष्ठ नागरिकहरुका स्वास्थ्य सम्बन्धी समस्याहरुको न्यूनीकरण हुने, रोग लाग्ने दर एवं मृत्युदरमा कमी भइ स्वस्थ जीवनशैली अपनाउने छन्।<br>●जेष्ठ नागरिकहरुको जीवनशैली सहज हुन मद्दत पुग्ने छ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरु |
| | ●कार्यक्रम सञ्चालनका लागि जिल्ला भित्रका लक्षित समूह रहेका संस्थाहरु (मानव सेवा आश्रम, वृद्धाश्रम आदि) तथा जेष्ठ नागरीक दिवा केन्द्र भएका स्थानहरुको सूची तयार गर्ने र कार्यक्रम संचालन गर्ने स्थानको छनोट गर्ने। |

| विषयवस्तु | विवरण |
|---|---|
| कार्य सञ्चालन प्रक्रिया | ●लक्षित समूह बीच कार्यक्रम सञ्चालन गर्नको लागि आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धी कार्यक्रम विषय वस्तुको आधारमा सञ्चालन गर्ने।<br>●कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह र आयुर्वेद औषधालय, नागरिक आरोग्य केन्द्रसँग समन्वय गर्ने ।<br>●कार्यक्रम संचालनका लागि आवश्यक पर्ने औषधि एवं उपकरण (Glucometer, weight machine, B.P. Set आदि) खरिद गर्ने ।<br>●जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका साथै आयुर्वेद औषधिहरु वितरण गर्ने ।<br>●कार्यक्रम सञ्चालनबाट प्राप्त हुने नतिजाहरुको विश्लेषणका लागि चेक लिस्ट तयार गरी सूचना तथा तथ्यांक सङ्कलन गर्ने र समग्र कार्यक्रमको फोटो सहितको प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ३. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५० | २२५२२ | १ | पटक | १ लाख ५० हजार | पहिलो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | प्रदेश मातहत संचालित जिल्लाका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रमा आउने बिरामीहरुको प्रयोगशाला परीक्षण सेवा मार्फत रोगको निदान साथै रोगको अवस्था पहिचान गरी आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय तवरले सञ्चालन गर्नको लागि प्रयोगशाला सेवाको विस्तार जरुरी भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य सस्थाहरुमा प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न । |

| विषयवस्तु | विवरण |
|---|---|
| अपेक्षित प्रतिफल | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरुमा आउने बिरामीहरुको लागि प्रयोगशाला सेवा सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरुको सहज उपलब्धता भई रोगको पहिचान भई उपचार गर्न सहयोग हुने छ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु |
| कार्य सञ्चालन प्रक्रिया | ●प्रयोगशालाका लागि आवश्यक उपकरण, रिएजेन्ट र किट जस्ता सामग्रीहरुको सूची, स्पेसिफिकेसन एवं परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने।<br>●प्रचलित ऐन नियमानुसार सामग्रीहरुको खरिद गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट हुने। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ४. क्षारसूत्र एवं तथ्याङ्क व्यवस्थापन कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| **२.७.२२.९८२** | **२२५२२** | **४** | **पटक** | **४ लाख ८० हजार** | **पहिलो, दोस्रो, तेस्रो, चौथो** |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु प्रदेश मातहतका आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरुमा विस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ अर्श, भगन्दर लगायतका रोगहरुको उपचारका लागि क्षारसूत्र सेवाको प्रभावकारी सञ्चालन गर्नका साथै आयुर्वेद स्वास्थ्य सूचना प्रणाली (AHMIS) र गण्डकी प्रदेश भित्रका आयुर्वेद संस्थाहरूमा छिट्टै सन्चालनमा आउन लागेको Ayurveda EMR प्रणालीको चुस्त व्यवस्थापनको लागि आवश्यक सहयोग गर्न वैद्य/ अ.न.मी. स्वास्थ्यकर्मी सेवा करारमा लिन तथा उक्त कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री खरिदको लागि यो कार्यक्रम राखिएको हो। |

| विषयवस्तु | विवरण |
| --- | --- |
| उद्देश्य | ●क्षारसूत्र चिकित्साको माध्यमबाट अर्श, भगन्दर लगायतका रोगहरुको उपचारका लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराई सेवा सुनिश्चित गर्ने ।<br>●आयुर्वेद स्वास्थ्य सूचना प्रणाली (AHMIS) र EMR प्रणालीको व्यवस्थापनमा सहजीकरण गर्ने। |
| अपेक्षित प्रतिफल | ●क्षारसूत्र चिकित्साको माध्यमबाट अर्श, भगंदर आदि व्याधिमा उपचारका लागि आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता सुनिश्चित भइ क्षारसूत्र चिकित्सा सेवा सुचारु रहनेछ ।<br>●आयुर्वेद स्वास्थ्य सूचना प्रणाली (AHMIS) र EMR प्रणालीको व्यवस्थापनमा सहजीकरण हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु |
| कार्य सञ्चालन प्रक्रिया | ●क्षारसूत्र लगायत कार्यालयका अन्य आयुर्वेद चिकित्सा सेवाका साथै तथ्यांक व्यवस्थापनमा सहयोगी हुने गरी कम्तीमा कम्प्यूटरको बेसिक कोर्स तालिम लिएका वैद्य/अ.न.मी. सेवा करारमा लिएर कामकाज गराई अधिक सेवा प्रवाहको व्यवस्था मिलाउने ।<br>●क्षारसूत्र सेवा सञ्चालनका लागि आवश्यक सामग्रीहरुको सूची, परिमाण तथा उपकरणको स्पेसिफिकेसन तयार गरी लागत अनुमान बनाई कार्यालय प्रमुखबाट स्वीकृत गर्ने।<br>●क्षारसूत्र सेवा प्रवाहका लागि नेपाल सरकार, प्रदेश सरकार एवं आयुर्वेद चिकित्सा परिषद्ले तोकेका मापदण्ड अनुसार सहयोग गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ५. स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८४९ | २२५२२ | ३ | पटक | ४ लाख ५० हजार | दोस्रो, तेस्रो, चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | समाजमा बढ्दै गएका नसर्ने रोगहरु, व्यस्त र आधुनिक जीवनशैलीको प्रभावले व्यक्तिगत तनाव व्यवस्थापन चुनौतीको रुपमा रहेको छ। आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योगको माध्यमबाट उक्त चुनौतीहरुको न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | ●नेपालीहरुको औसत आयुमा वृद्धिसंगै चुनौतीको रुपमा बढी रहेका नसर्ने किसिमका रोगहरुको न्यूनीकरणमा सहयोग गर्न।<br>●स्वास्थ जीवनशैली प्रवर्धनद्वारा समुदायमा मानसिक समस्याहरुको न्यूनीकरण गर्न। |
| अपेक्षित प्रतिफल | ●समुदायले आयुर्वेदमा उल्लेख भएका स्वस्थ जीवनशैली सम्बन्धी जानकारी प्राप्त गरी आफ्नो स्वास्थ्य प्रवर्धनका लागि उपयोगमा ल्याएका हुनेछन्। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |
| कार्य सञ्चालन प्रक्रिया | ● लक्षित समूहको पहिचान साथै कार्यक्रम सञ्चालन गरिने स्थान छनौट गर्ने।<br>● लक्षित समूहसम्म सचेतना कार्यक्रम पु-याउनको लागि आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धी कार्यक्रम सञ्चालन विधि सहितको विषयवस्तु तयार गर्ने।<br>● कार्यक्रम सञ्चालन गर्ने स्थानको सम्बन्धित स्थानीय तह, आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रसँग समन्वय गर्ने।<br>● समुदायमा रहेका जेष्ठ नागरिक, महिला समूह, नागरिक समाज सहितको समूहमा २ दिनको कार्यक्रम संचालन गर्ने।<br>● नसर्ने रोगको व्यवस्थापनका लागि औषधि खरिदबाट उपलब्ध रोग प्रतिरोधात्मक औषधिको कमी भएमा यस कार्यक्रमबाट उक्त औषधि खरिद र वितरण समेत गर्ने।<br>● संचालित कार्यक्रमबाट प्राप्त हुने प्रभावको नतिजा विश्लेषणको लागि सूचनाका साथै तथ्यांक सङ्कलन गर्ने र समग्र कार्यक्रमको फोटा सहितको प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९  बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |

| विषयवस्तु | विवरण |
|---|---|
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट हुने । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ६. पंचकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, संचालन एवं व्यवस्थापन)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८४८ | २२५२२ | ३ | पटक/ संख्या | २ लाख ४० हजार | दोस्रो, तेस्रो, चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ पंचकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पन्चकर्म/पूर्वकर्मसँग सम्बन्धित सामग्री खरिद गरी संचालन तथा ब्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पंचकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गरी सहज रुपमा सेवा प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | पंचकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध भइ सेवाग्राहीले उक्त सेवा सहज रुपामा प्राप्त गरेका हुनेछन् । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु । |
| कार्य सञ्चालन प्रक्रिया | ●सेवा सञ्चालनका लागि आवश्यक सामग्रीहरुको सूची (जस्तै: आयुर्वेद औषधि, मालिस तेल, स्नेहन/स्वेदन सामग्री आदि), स्पेसिफिकेसन एवम् परिमाण यकिन गरी लागत अनुमान बनाई कार्यालय प्रमुखबाट स्वीकृत गर्ने ।<br>●प्रचलित ऐन नियमानुसार सामग्रीहरुको खरिद गर्ने ।<br>●तोकिएका मापदण्ड मापदण्ड बमोजिम पंचकर्म / पूर्वकर्म सेवा सञ्चालन गर्ने ।<br>●कार्यक्रमको फोटो सहितको प्रतिवेदन तयार गर्ने । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |

| विषयवस्तु | विवरण |
|---|---|
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ७. आधारभूत तथा अत्यावश्यक औषधि खरिद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| ७.२.११.८५५ | २७२१३ | १ | पटक | १ लाख ५० हजार | पहिलो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | प्रदेश मातहत संचालित जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थामा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत र अत्यावश्यक औषधि खरिद तथा निः शुल्क रुपमा वितरण गरी आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय तवरले सञ्चालन गर्नको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा अत्यावश्यक औषधि खरिद गरी निः शुल्क रुपमा वितरणका लागि आयुर्वेद औषधिहरूको उपलब्धता सुनिश्चित गर्न। |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सस्थाहरुमा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत तथा अत्याबश्यक औषधिहरुको उपलब्धता भई सेवा प्रवाहमा सहजता हुने छ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |
| कार्यसञ्चालन प्रक्रिया | ●आधारभूत तथा आवश्यक औषधिहरुको सूची, स्पेसिफिकेसन तथा परिमाण यकिन गरि लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने।<br>●प्रचलित ऐन नियमानुसार आवश्यक औषधिहरु खरिद गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ८. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५४ | २२५२२ | ३ | पटक | १ लाख ५० हजार | दोस्रो, तेस्रो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेदीय जीवनशैली, आयुर्वेद सेवा, जडीबुटीको उपयोगिता र योगको बारेमा जानकारी दिनका साथै योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार विहार आदि), आयुर्वेदीय स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउन।<br>• स्वास्थ्यकर्मी, विद्यार्थी र समुदायबीचको सम्बन्ध सकारात्मक र समन्वयात्मक बनाउन।<br>• आयुर्वेद चिकित्सा सेवा प्रदान गर्ने संस्थाहरूबाट पाइने सेवाहरूबारे जानकारी दिन।<br>• योगको बारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन।<br>• घर वरिपरीका जडीबुटी र यिनको उपयोगको सम्वन्धमा सामान्य जानकारी दिन। |
| अपेक्षित प्रतिफल | • स्वस्थवृत्त (दिनचर्या ऋतुचर्या, आहार, विहार आदि) स्वस्थ जीवन शैली सम्बन्धी सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण भएको हुनेछ।<br>• स्थानीयस्तरमा प्राप्त हुने जडीबुटीको उपयोगिता बारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घर वरिपरि पनि रोप्न प्रोत्साहित हुनेछन्।<br>• स्वास्थ्यकर्मी, विद्यार्थी र समुदायबीचको सम्बन्ध सकारात्मक र समन्वयात्मक हुनेछ।<br>• स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योग अभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउने छन्। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |
| कार्य सञ्चालन प्रक्रिया | ●पाठ्यक्रम तयार गर्ने।<br>●कम्तीमा दुई वटा मावि छनौट गर्ने (आयुर्वेद सेवा नभएका पालिका प्राथमिकता दिने )<br>●पहिलो चरणमा स्वास्थ्य शिक्षक, र प्रधानाध्यापकलाई नेपाल सरकार एवं प्रदेश सरकारले तयार गरेको विद्यालय आयुर्वेद तथा योग शिक्षाको पुस्तिका एवं अन्य उपलब्ध सामग्रीमा आधारित रही कम्तीमा तीन दिने तालिम दिने।<br>●प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त शिक्षकहरुलाई आफुले सिकेको सिपको आधारमा सम्बन्धित विद्यालयका कक्षा ८, ९ र १० विद्यार्थीहरुलाई आयुर्वेद शिक्षा एवं योग प्रशिक्षण गर्न लगाउने।<br>●सो कार्यको निरीक्षण गरी भएका त्रुटी सच्याउन एवं थप आवश्यक ज्ञानको प्रवाह गर्ने। |

| विषय वस्तु | विवरण |
|---|---|
| | ●प्रति कक्षा २ सेट योग पोसाक, योग म्याट (१५-३०), पोष्टर, पम्प्लेट, हातेपुस्तिका, एवं अन्य आवश्यक सामग्री प्रत्येक विद्यालयलाई उपलब्ध गराउने।<br>●प्रत्येक दिन कक्षा प्रतिनिधिले योग गराउने, हप्ताको एकदिन विद्यालय शिक्षकले सबै प्रतिनिधिको अनिवार्य उपस्थिति सहित थप अन्य विद्यार्थीलाई योग कक्षा लिने।<br>●निश्चित समयावधिको अन्तरालमा कार्यालयबाट सम्बन्धित विद्यालयमा चलेको योग कार्यक्रमको अनुगमन निरीक्षण, समन्वय एवं आयुर्वेद एवं योग शिक्षा सम्बन्धी आवश्यक ज्ञान अनुभव आदानप्रदान गर्ने।<br>**कक्षा संचालन गर्दा ध्यान दिनुपर्ने अन्य विषयहरू :**<br>●कार्यक्रमको परिचय र उद्देश्य अवगत गराउने।<br>●क्रियाकलापमा उल्लेखित विषयवस्तुहरू समेटी कक्षा सञ्चालन गर्ने।<br>●अन्तरक्रियाको अवसर सिर्जना गर्ने, आयुर्वेद स्वास्थ्य सम्बन्धी विषयहरूको पम्प्लेट, पोष्टर, फ्लीपचार्ट आदिको उचित प्रयोग गरी व्यवहारिक ज्ञान दिने।<br>●कार्यक्रमको नियमित प्रभावकारी अनुगमन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहित सोको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ९. संगठित रुपमा योग सञ्चालन (Corporate Yoga)

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५२ | २२५२२ | २ | पटक | १ लाख ६० हजार | दोस्रो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | कर्मचारीहरुले कार्यकक्षमा रही नियमित कार्य गर्दा एकै ठाउँमा लगातार बसेर कार्य गर्नुपर्दा शारीरिक निष्क्रियता एवं मानसिक तनाव हुने हुँदा कार्यालय समयमा शरीरका सबै अंगहरुको क्रियाशीलता बढाई तनाव व्यवस्थापन एवं शारीरिक क्रियाशीलता वृद्धि गर्न यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | ●कर्मचारीहरुलाई शारीरिक निष्क्रियताबाट हुने रोगहरुको रोकथामका लागि मद्दत गर्ने। |

| विषय वस्तु | विवरण |
|---|---|
| | ●निरन्तर कामबाट हुने तनावबाट मुक्तिको लागि सहजीकरण गर्न।<br>●कर्मचारीबाट हुने कार्यसम्पादनमा वृद्धि गराउन। |
| अपेक्षित प्रतिफल | ●कार्यालय कर्मचारीहरु नियमित रुपमा योग अभ्यास गर्नेछन्, स्वस्थ रहनेछन्।<br>●कार्यालयको कामको प्रभावकारिता वृद्धि हुनेछ।<br>● स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योग अभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउने छन्। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |
| कार्य सञ्चालन प्रक्रिया | ●जिल्ला स्थित कार्यालयहरुका कर्मचारीहरुलाई अभिमुखीकरण गराउने।<br>●१०-१० मिनेटको योगको कार्यतालिका/ म्यानुअल/पोष्टर बनाउने एवं वितरण गर्ने।<br>●कार्यालय समयमा निरन्तर बसाईबाट हुने तनाब व्यवस्थापन, कम्मर दुखाई, वातव्याधि, आदिको रोकथाम एवं व्यवस्थापनका लागि कार्यालयमा योग ब्रेकको रुपमा कुर्चीमै बसी गर्न सकिने योग आसन, प्राणायामहरुको अभ्यास गराउने।<br>●निश्चित समयावधिको अन्तरालमा सम्बन्धित कार्यालयमा चलेको योग कार्यक्रमको अनुगमन निरीक्षण समन्वय एवं योग शिक्षा सम्बन्धी आवश्यक ज्ञान अनुभव आदानप्रदान गर्ने।<br>●कार्यक्रमको नियमित प्रभावकारी अनुगमन गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## १०. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण

| PLMBIS Code | खर्च शीषर्क | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८४७ | २२५२२ | २ | पटक | १ लाख ६० हजार | पहिलो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य सेवालाई स्थानीय स्तरमा घरदैलोमा पुर्याउन तथा समुदायस्तरमा देखिएका स्वास्थ्य समस्याहरुलाई तत्काल सम्बन्धित निकायमा जानकारी गराउनका लागि स्वास्थ्य संस्था र समुदायलाई पुलको रुपमा जोड्ने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकाहरु तयार गरिएको छ।स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको लक्ष्य हासिल गर्न तथा प्रगति प्राप्त गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्वपूर्ण भुमिका रहेको छ।आयुर्वेद सेवालाई समेत महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत समुदायस्तरमा पुर्याउन आयुर्वेद सम्बन्धी जानकारी प्रदान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ●महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखीकरण गराउने ।<br>●आयुर्वेदका विषयमा जानकारी प्राप्त महिला स्वास्थ्य स्वयंसेविकाहरुको अभिलेख राख्ने ।<br>●स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटीहरुको पहिचान, संरक्षण तथा सम्बर्द्धन हुनुका साथै जडीबुटीहरुको प्रयोगमा बृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | ●महिला स्वास्थ्य स्वयंसेविकाहरुमा आयुर्वेद सम्बन्धी ज्ञानको वृद्धि भई आयुर्वेद सेवाबाट स्वास्थलाभ लिनेहरुको संख्यामा वृद्धि हुनेछ।<br>●महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत स्थानीय स्तरमा प्राप्त जडीबुटीहरुको प्रयोग गरि स्वस्थ रहन उत्प्रेरणा हुनेछन्। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु । |
| कार्यसञ्चालन प्रक्रिया | ●पाठ्यक्रम तयार गर्ने ।<br>●प्रत्येक पालिकामा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सेवा प्रवाह सम्बन्धमा अभिमुखीकरण गराउने ।<br>●प्रत्येक वडाबाट कम्तीमा एक जना छनौट गरि १ कार्यदिनको कार्यतालिका निर्माण गरी स्तनपायी आमा, जेष्ठ नागरिक, नागरिक आरोग्य केन्द्र, विद्यालय आयुर्वेद तथा योग शिक्षा, पंचकर्म/पुर्वकर्म, जडीबुटी, परम्परागत, क्षारसूत्र, आदि कार्यक्रमको विषयमा जानकारी गराउने, प्रचारप्रसार सामग्री तयार पारी दिने, आवश्यक समन्वायार्थ कार्य गर्ने ।<br>●योग, स्वस्थ जीवनशैली, ऋतुचर्या, पोषण, आदि विषयमा सामग्री तयार पारि अभिमुखीकरण गराउने । |

| विषय वस्तु | विवरण |
|---|---|
| | ●स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटीहरुको पहिचान, संरक्षण तथा सम्बर्द्धनको विषयमा छलफल गर्ने।<br>●जिल्ला स्तरमा कार्यक्रम गर्दा जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालयसँग समन्वय गर्ने।<br>●कार्यक्रमको नियमित प्रभावकारी अनुगमन गर्ने। |
| बजेट बाँडफाँड | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मूल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## ११. स्वस्थकर जीवनशैली प्रवर्धनमा गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५६ | २२५२२ | २ | पटक | २ लाख | दोस्रो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सा विज्ञानमा स्वस्थ हुनका लागि असल खानपान, असल व्यवहार र असल विचार लाई प्रमुख मानिएको छ। स्वस्थ खानपानका लागि दिनचर्या, ऋतुचर्यामा धेरै असल अभ्यासहरु वर्णित छन्। खानपिनकै कारणले नसर्ने रोग लगायत अन्य कुपोषणजन्य रोग लाग्न नदिन बाह्य उत्पादित पत्रु खानालाई निरुत्साहित गरी समुदाय स्तरमा जनचेतना अभिवृद्धि गरी घरमै पाकेको खाना खाने बानी तथा स्वस्थकर खानपान गर्ने बानीको विकास गर्न, स्वस्थकर खानपानको व्यबहार परिवर्तन गर्न तथा आफ्नो घर वरपरका करेसावारीमा उत्पादन गरेका ताजा विषादी रहित सागसब्जीहरुको व्यापक प्रयोगलाई प्रोत्साहन गर्न गृहिणीहरु लक्षित गरी यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आफ्ना घर वरपरका करेसावारीहरुमा ताजा विषादी रहित सागसब्जीहरुको उत्पादन गर्न तथा स्थानीयस्तरमा उपलब्ध खाद्यान्न लगायतका वस्तुहरुको उपयोगमा वृद्धि गरी स्वस्थकर खानपान एवं स्वस्थ जीवनशैलीको लागि गृहिणीहरुको व्यवहार परिवर्तन गर्ने। |
| कार्यक्रम सन्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |

| विषय वस्तु | विवरण |
|---|---|
| अपेक्षित प्रतिफल | भान्सा सुधार कार्यक्रम लागू भई असल खानपान संस्कृतिको विकास भई स्वस्थ मानव पूँजीको निर्माण हुनेछ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • अभियान सञ्चालन सन्दर्भ पुस्तिका, तालिम शिक्षण सामाग्री तथा ब्रोसर तयार गर्ने ।<br>• नागरिक आरोग्य कार्यक्रम सञ्चालन मापदण्ड, २०७६ बमोजिम गठित स्थानीय समिति र वडा समूह र गृहिणीहरूलाई सहभागी गराएर भान्सा सुधार अभियान सञ्चालन गर्ने ।<br>• शिक्षक, योग अभियान्ता, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका र गृहिणीहरूलाई आयुर्वेदमा आधारित आहार-विहार र आचार बारे प्रशिक्षण गर्ने।<br>• आवश्यकता अनुसार स्थानीय तह तथा स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरुसंग समन्वय तथा सहकार्य गर्न सकिनेछ । |
| बजेट बाँडफाडः | • सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | • कार्यक्रम सम्पन्न भएपछि कार्य योजना, कार्यक्रम सम्पन्न गरेको फोटोहरु सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १२. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई स्थलगत अनुशिक्षण

| PLMBIS Code | खर्च शीषर्क | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५७ | २२५२२ | ४ | पटक | ८० हजार | पहिलो, दोश्रो, तेश्रो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | जिल्लामा आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुका अलावा स्थानीय निकाय अन्तर्गत संचालित औषधलायहरु एवं संघीय कार्यक्रम अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रहरू रहेका छन् । ती संस्थाहरूले आयुर्वेद स्वास्थ्यकर्मीको नेतृत्वमा अत्यन्त न्यून जनशक्तिका बाबजुद सेवा प्रदान गर्दै आइरहेका छन्। अतः ती आयुर्वेद स्वास्थ्य संस्थाहरूबाट प्रदान हुने आयुर्वेद सेवा प्रवाहको स्थिति तथा गुणस्तरीयता अभिवृद्धि गर्न प्राविधिक सहयोग एवं अनुगमन गर्नको निमित्त यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद सेवा कार्यक्रम एवं सेवा प्रवाहको स्थिति तथा गुणस्तरीयता अभिवृद्धि गर्न प्राविधिक सहयोग एवं अनुगमन गर्ने। |

| विषय वस्तु | विवरण |
|---|---|
| अपेक्षित प्रतिफल | कार्यक्रमहरु सम्पन्न गर्न सहजता एवं सेवाको गुणस्तरीयतामा वृद्धि भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु। |
| कार्यसञ्चालन प्रक्रिया | ●बजेटको परिधि भित्र रहेर कुन महिनामा कुन संस्थाको स्थलगत अनुशिक्षण गर्ने भनी कार्ययोजना बनाउने।<br>●कार्यक्रमसँग सम्बन्धित कर्मचारी सम्मिलित टोली बनाउने।<br>●अनुशिक्षणको क्रममा अनुसूची १ बमोजिमका चेकलिस्ट अनुसार मूल्यांकन गर्ने, आयुर्वेद औषधालयका लागि तोकिएको न्युनतम सेवा मापदण्ड (MSS) लाई समेत आधार मान्न सकिनेछ।<br>●प्रत्येक पटक अनुशिक्षण गर्दा सरोकारवाला संस्थाको आवश्यक कर्मचारीहरुसँग वैठक बसी कार्यक्रमको संचालन स्थिति एवं बाधाहरू, सेवाको प्रभावकारिता र गुणस्तरीयताको लागि छलफल/अन्तरक्रिया गर्ने।<br>●स्थलगत अनुशिक्षण भएको संस्थाको प्रमुख लगायत कर्मचारीहरूसँग छलफल गरेको माइन्युट तयार गर्ने।<br>●अनुगमन पश्चात पहिचान गरिएका कमीहरूको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

## १३. ट्राफिक प्रहरीहरुलाई नस्य तथा जलनेती क्रिया संचालन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.८५८ | २२५२२ | १ | पटक | १ लाख २० हजार | दोस्रो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | बढ्दो वायु प्रदूषणका कारण मानव जीवनको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ। यसको प्रत्यक्ष रुपमा सडकका आसपासमा कार्यरत ट्राफिक प्रहरीहरु प्रभावित भइरहेका छन्। आयुर्वेदमा वायु प्रदूषणबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरहरुबाट बच्नको लागि विविध उपायहरु बताइएको छ। तसर्थ वायु प्रदूषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्याहरुलाई आयुर्वेदको माध्यमबाट रोकथाम तथा न्यूनीकरण गरी ट्राफिक प्रहरीहरुको स्वास्थ्य अवस्था सुधार गर्नको निमित्त यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | वायु प्रदूषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्याहरुलाई रोकथाम तथा न्यूनीकरण गरी ट्राफिक प्रहरीहरुको स्वास्थ्य अवस्था सुधार गर्ने। |
| अपेक्षित प्रतिफल | ट्राफिक प्रहरीहरुमा वायु प्रदूषण र यसबाट हुन सक्ने स्वास्थ्य समस्याहरुका बारेमा सचेतना अभिवृद्धि भई प्रदूषणजन्य स्वास्थ्य समस्याहरूको रोकथाम तथा न्यूनीकरणमा सहयोग पुग्नेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु (मनाङ र मुस्ताङ बाहेक)। |
| कार्यसञ्चालन प्रक्रिया | ● ट्राफिक प्रहरी कार्यालयसँगको समन्वय र सहकार्यमा जिल्ला भित्रका अधिकतम वायु प्रदुषण हुने स्थानको पहिचान गर्ने। सो स्थानमा कार्यरत ट्राफिक प्रहरीहरुको विवरण तयार गरी कम्तीमा १५ जनाको संख्यामा सहभागी निर्धारण गर्ने।<br>● कार्यक्रम सञ्चालनको लागि आयुर्वेद चिकित्सक प्रशिक्षक रहने गरी उचित स्थानको व्यवस्थापन गर्ने।<br>● कार्यक्रमको दौरान वायु प्रदूषणको कारण, वायु प्रदूषणले मानव स्वास्थ्यमा पार्ने असरहरु, बच्ने उपायहरु, असर कम गर्न आयुर्वेदको भूमिका र दैनिक रुपमा अपनाउन सकिने विधिहरु जस्तै नश्य, नेती, प्राणायाम आदिका बारेमा सैद्धान्तिक ज्ञान तथा प्रयोगात्मक अभ्यासहरु सञ्चालन गर्ने। आयुर्वेद तथा योगका बारेमा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट प्रवाह हुने सेवाहरुको बारेमा समेत जनकारी गराउने।<br>● यस कार्यक्रममा ट्राफिक प्रहरीसँगै खटिने अन्य सुरक्षाकर्मीहरुलाई समेत समावेश गर्न सकिनेछ।<br>● बजेटको परिधिभित्र रही सहभागीलाई वायु प्रदुषणबाट बच्ने उपायहरुको सन्देश सहित मास्क, नेतीपट, भ्यापोराइजर, चश्मा, सूचनामूलक सामग्री आदि वितरण गर्न सकिनेछ। |

| विषय वस्तु | विवरण |
|---|---|
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १४. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम

| PLMBIS Code | खर्च शीषर्क | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.९८३ | २२५२२ | ४ | पटक | ३ लाख | पहिलो, दोश्रो, तेश्रो, चौथो |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेश सरकार मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको अनुगमन, समीक्षा तथा फलोअप गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गण्डकी प्रदेश मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा उपलब्धताको बारे मूल्यांकन गरी आवश्यकता अनुसार सुदृढीकरण गर्नु। |
| अपेक्षित प्रतिफल | ● गण्डकी प्रदेश मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको समीक्षा र अनुगमनबाट स्वास्थ्य संस्थाहरुको हालको अवस्था र समस्याको पहिचान भई निरन्तर सेवा सुदृढीकरण हुनेछ।<br>● आयुर्वेद स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | गण्डकी प्रदेश मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरु। |
| कार्य सञ्चालन प्रक्रिया | ●गण्डकी प्रदेश मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको वर्षमा ३ पटक पहिलो अनुगमन र फलोअप अनुगमन गर्नुपर्नेछ।सो का लागि अधिकतम रु ५० हजार खर्च गर्न सकिनेछ र बाँकी रहेको बजेटले MSS को मापदण्ड पूर्ती गर्न प्रयोग गर्नुपर्नेछ ।<br>●न्यूनतम सेवा मापदण्ड (MSS) समीक्षा कार्यक्रम गरी गण्डकी प्रदेश मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको हालसम्मको प्रगति अवस्था, देखापरेका समस्या र चुनौतीको बारेमा विस्तृत छलफल गर्नुपर्नेछ। |

| विषय वस्तु | विवरण |
|---|---|
| | ●MSS समीक्षा कार्यक्रम गर्दा देखापरेका कमीहरूलाई पहिचान तथा विश्लेषण गरी पूर्ति गर्न आवश्यक औजार, उपकरण तथा सामग्री खरिद गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>●पहिलो अनुगमन पश्चात आएका सूचकहरुलाई आधार मानेर दोश्रो फलोअपमा process indicator बमोजिम अनुगमन र कार्यान्वयन गर्ने एवं तेस्रो फलोअपमा सेवाग्राहीको सन्तुष्टी मापन तथा सामाजिक परीक्षण/वार्षिक समीक्षा गर्ने।<br>●MSS मूल्यांकन समितिमा सामाजिक विकासत तथा स्वास्थ्य मन्त्रालयको प्रतिनिधि १ जना, स्वास्थ्य निर्देशनालयमा १ जना, कम्तीमा २ जना आयुर्वेद चिकित्सक र एक MSS विज्ञ हुनुपर्नेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९ बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ। |

### १५. आयुर्वेद सेवा विस्तारको लागि विशेषज्ञ चिकित्सक व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समयावधि(त्रैमासिक) |
|---|---|---|---|---|---|
| **२.७.२२.९८४** | **२२५२२** | **१** | **पटक** | **गण्डकी र धौलागिरी आ.औ. ८ लाख** | **पहिलो** |

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै स्तरोन्नति गरी प्रभावकारी र गुणस्तरीय विशेषज्ञ आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ●सेवाग्राहीहरुले विशेषज्ञ (काय/ शल्यचिकित्सा) आयुर्वेद सेवा प्राप्त गरी स्वास्थ्य लाभ लिनुका साथै गुणस्तरीय एवं प्रभावकारी आयुर्वेद सेवाको प्रवाह गर्नु।<br>●गण्डकी प्रदेश मातहातका आयुर्वेद स्वास्थ्य संस्थाहरूको क्रमश: स्तरोन्नति गर्दै लैजाने। |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुले गुणस्तरीय एवं प्रभावकारी विशेषज्ञ आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |

| विषय वस्तु | विवरण |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ। |
| कार्यसञ्चालन प्रक्रिया | ●गण्डकी प्रदेशको "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" अनुसार आयुर्वेद समूह नवौं तहको सुविधा पाउने गरी काय चिकित्सक/ शल्य चिकित्सक सेवा करारमा लिएर कामकाज गराई अधिक सेवा प्रवाहको व्यवस्था मिलाउने ।<br>●निज चिकित्सकहरुले औषधालय/ स्वास्थ्य केन्द्रको बहिरंग विभागमा रही दैनिक चिकित्सा सेवा एवं आवश्यक शल्य चिकित्सा सेवा प्रदान गर्नेछन्। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड, २०७९  बमोजिम बजेट बाँडफाँट गरी बजेटको सीमा भित्र रही खर्च गर्न सकिनेछ । |
| अनुगमन र मुल्याङ्कन | ● सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय ।<br>● सम्बन्धित औषधालयमा सेवाग्राही संख्या र सेवा प्रवाहको गुणस्तरको आधारमा मूल्यांकन गर्नुपर्नेछ ।<br>● सम्बन्धित कार्यालय प्रमुखले ३ महिनामा निज विशेषज्ञ चिकित्सकको कार्यसम्पादन मूल्यांकन गरी तालुक निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि विवरण सहितको प्रतिवेदन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |